# हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ)

## (वार्षिक प्रतिवेदन २०७९/०८०)



कावासोती नगरपालिका २, नवलपरासी
ई-मेल : hicodef@ntc.net.np
वेभ साइट: www.hicodef.org.np

# प्राक्कथन

कोभिड-१९ को महामारी सेलाएता पनि यसका कारणले सिर्जित विविध समस्याहरुको सम्बोधन गर्दा गर्दै संसारको आर्थिक पाटोको ठुलो हिस्सा त्यतै नै अल्मलिन पुगेको छ । यसै परिप्रेक्षमा हिमालयन सामुदायिक विकास मन्च (हिकोडेफ) विविध प्रयासहरुका बावजुद पनि यस बर्षमा कुनै नर्या परियोजनाहरु हात पार्न सकेन । यस वर्ष हिकोडेफलाई काम गर्ने शिलशिलामा द ग्लेसियर ट्रष्ट, हेल्भेटास सामी तथा हेल्भेटास टि बि यस यु मार्फत संचालिन परियोजनाहरुमा नै निरन्तरता दिईयो । यस अवधिमा मध्यविन्दु जिल्ला अस्पतालमा अस्पतालकै सहयोगमा सामाजिक सेवा ईकाई स्थापना गरि संचालनमा ल्याईयो । यहाँ कार्यरत रहने कर्मचारीहरु हिकोडेफ मार्फत नै परिचालित हुने गर्दछन ।

यस वर्ष कार्यक्रम गर्नका लागि विगतको जस्तो कोरोनाको त्रास नभएपनि पहाडी भेगमा भएका आवागमनमा भौगोलिक कठिनाई बाहेक अन्य कुराको खासै बाधा रहेन । ठुलो सानो जस्तो रुपमा रहे पनि हिमालयन सामुदायिक विकास मन्चले विभिन्न साझेदार संस्थाहरुको सहकार्यमा संचालन गरेको एकिकृत विकासका कार्यक्रमहरुद्धारा समुदायका सवै गरिब, दलित, महिला, बालबालिका, मधेसी तथा सिमान्तकृत परिवारहरुलाई विकासका मुलधारमा ल्याउने र वन वातावरण, जीविकोपार्जिन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत आवश्यकताहरुमा पहुँचको सृजना गरी समुदायको आधारभुत आवश्यकताको परिपुर्तिका साथै सामाजिक विभेद कम गर्ने दुई दशक देखीको प्रयास लाई निरन्तरता दिएको छ । सिमान्तकृत समुदायको न्यायोचित पहुँचमा योगदान पुर्याउनका लागि संस्था सदा प्रयत्नशील तथा कटिबद्ध रहेको छ ।

संस्थागत विकासका दृष्टिकोणबाट हेर्दा गत वर्ष देखी शुरु गरिएको शूरवीर स्मृति हिकोडेफ छात्रवृत्ति कोषको रकम रु आठ लाख मार्फत हामिले अक्षय कोष स्थापना गरेका छौ र त्यसबाट आउने रकमले स्वर्गीय सुरवीर स्थापितका जेष्ठ सुपुत्रको स्नातक अध्ययनका लागि खर्च गरिने निर्णय भएको छ । कोषको रकम बृद्धि हुँदै जाने क्रममा अन्य कार्यक्रमलाई पनि यस कोष संग जोडेर अघि बढाईने छ ।

भौतिक रुपमा भन्नु पर्दा गत वर्ष हिकोडेफले कार्यालय भवनको पछाडी निर्माण गरेको तीन कोठे शटरको उपयोग हुन सकेको छैन । संस्थाको आफ्नै नियमित आम्दानीका लागि गरिएको यो प्रयासले आज नभए पनि कुनै दिनमा अवश्य संस्थाको लागि अलिकति सहज वातावरण सिर्जना गर्ने कुरामा हामि विश्वस्त छौ ।

हामि जस्ता सामाजिक क्षेत्रमा काम गर्ने सबै संस्थाहरुको लागि नै अहिले विषम परिस्थिति छ । त्यसका बावजुद पनि हामि हाम्रो उद्देश्यमा प्रतिवद्ध छौं । हिकोडेफ परिवार सामाजिक अभियानमा हामीलाई आर्थिक, भौतिक, नैतिक सहयोग पुऱ्याउनु हुने सम्पुर्ण सहयोगी सरकारी तथा गैरसरकारी संघसंस्था तथा ब्यक्ति तथा समुदायमा हार्दिक कृतज्ञता ब्यक्त गर्दछ । हामिलाई विश्वास छ, आगामी दिनमा हाम्रो फेरी त्यहि चुस्तताका साथ आफ्नो कर्ममा सक्रियता कायमै रहने छ ।

## पृष्ठभूमीः

विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, उनीहरुको जीविकोपार्जन तथा प्रत्यक्ष विकास निर्माणका साझा सवाल/समस्याहरुका विषयमा आवाज उठाउँदै पछाडि पारिएको र दुर्गम क्षेत्रलाई प्राथमिकता दिदै २०५५ साल देखी हिकोडेफले आफ्ना विभिन्न खालका परियोजनाहरु सञ्चालन गर्दै आईरहेको छ । यसरी स्थानीय स्तरमा परिचालन गरिएका कृयाकलापहरुको प्राप्त उपलब्धी, अवसर, भोगिएका नयाँ समस्याहरु, चुनौति र सिकाइहरुलाई समेटेर प्रत्येक कार्यक्रमको बेग्लाबेग्लै प्रतिवेदन सम्बन्धित निकायमा नै पेश गर्ने गरिन्छ । यो वार्षिक प्रतिवेदन चाहिँ समग्र रुपमा हिकोडेफले २०७९  साउन देखी २०८० असार सम्म गरेका काम र अनुभवको ऐतिहासिक सिकाई सामाग्री हुने गरी बार्षिक प्रतिवेदनको रुपमा लिखित गरेर राखिएको छ ।

## संस्थाको परिचयः

## संस्थाको परिकल्पना (VISION):

हिकोडेफले त्यस्तो समाजको परिकल्पना गरेको छ जहां कुनै प्रकारको भेदभाव, शोषण, उत्पीडन र गरीवी हुदैन र प्रत्येक मानिसले मर्यादित जीवन यापन गर्न पाउंछन् ।

## संस्थाको परिलक्ष्य : (MISSION)

सामुदायिक सशक्तिकरणको प्रक्रियाबाट कुनै प्रकारको भेदभाव, शोषण र गरिवी नभएको समाजको सृजना गर्न सहयोग पुऱ्याउनु नै हिकोडेफको लक्ष्य हो ।

## संस्थाको मुल्य/मान्यता (VALUE):

समादार–समता–पारदर्शिता–गुणस्तरीता–उत्कृष्टता–तटस्थता

### संस्थाको उद्देश्यहरुः

- सहभागिमुलक पद्धतिबाट एकिकृत सामुदायिक विकास कार्यक्रम संचालन गर्ने ।
- समुदाय तथा अन्य संघ संस्थाको आवश्यकता अनुसार सामाजिक अनुसन्धान गर्ने ।
- अन्य समान उद्देश्य बोकेका संघ संस्थाहरुसंग हातेमालो गरी आफ्नो सामुदायिक विकास कार्यहरुबाट प्राप्त अनुभवको आधारमा गरिब, दलित, महिला, बालबालिका एवं उपेक्षित पछाडी पारिएका समुदायको लागि वकालात/पैरवी गर्ने ।
- समुदाय तथा स्थानीय संघ संस्थाहरुको आवश्यकता अनुसार क्षमता अभिबृद्धी तालिमहरु संचालन गर्ने

## संस्थाको रणनीतिक कार्य शैलीः

क) शसक्तिकरण
ख) वकालत तथा पैरवी
ग) साझेदारी
घ) सहभागिमुलक
ङ) अधिकार जन्य पद्दती
च) आकस्मिक राहत
छ) लैंगिक तथा बालबालिका संवेदनशिलता

यस वर्ष कायम रहेको साधारण सदस्यता विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| ३३ | ३१ | **६४** | ३ | ३३ | ३ | २५ |

कार्यकारिणी समिति विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| ५ | ४ | **९** | १ | २ | १ | ५ |

यस वर्ष कार्यरत कर्मचारी विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| १७ | १६ | **३३** | १ | १३ | ० | १९ |

**आ.व.२०७९/०८० को संस्थाको मुख्य कार्यक्षेत्र:** नवलपरासी ब.सु.पू. र नवलपरासी ब.सु.प.(साविकको नवलपरासी जिल्ला) का सबै नगरपालिकाहरु र गाउँपालिकाहरु ।

**आ.व.२०७९/२०८० मा सञ्चालन भएका परियोजनाहरु तथा साझेदारिता**

- जलवायु अनुकुलनका लागि तले खेति परियोजना ( LFAP )– The Glacier Trust
- सुरक्षित आप्रवासन परियोजना (SAMI) –Helvetas
- सामुदायिक झोलुङ्गे पुल - नेपाल सरकारका स्थानीय तहहरु
- मध्यविन्दु जिल्ला अस्पतालमा सामाजिक सेवा ईकाई परिचालन

## कार्यक्रमहरुको विस्तृत प्रगती विवरण:

### १. अनुकुलनका लागि तले खेती कार्यक्रम (LFAP)

### पृष्ठभुमी

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले संचालन गरेको सामुदायिक विकासका परियोजना अनुकुलनका लागि तले खेति परियोजना ( Layer Farming for Adaptation Project-LFAP ) बेलायत स्थीत गैर सरकारी संस्था The Glacier Trust ((TGT) को आर्थिक सहयोगमा दोश्रो चरणमा 15 Sep, 2021 देखि14 Sep, 2024 संम्मका हुप्सेकोट गाउँपालिकाको वडा नं ४ रिपाहा र चारघरे, वडा नं ५ बसेनी, धौवादी, पोखरी र दुलुंगामा तथा बौदिकाली गाउँपालिका वडा नं ६ लाहापेमा संचालन भैरहेको छ ।

जीविकोपार्जन सुधार, खाद्य सुरक्षा र जलवायु अनुकुलनका लागि उच्च मुल्य बाली उत्पादन र बजारिकरणमा जोड दिने प्रमुख लक्ष्यका साथ यस कार्यक्रम संचालन गरिएको छ । यस परियोजनामा किसानको जीविकोपार्जनल सहयोगको मुख्य क्रियाकलापको रुपमा व्यवसायिक कफी खेतिलाई अगाडि

सारिएको छ साथै तले खेति र घुसुवा बालीको रुपमा तरकारी तथा फलफुल र घाँस खेतिको अभ्यास पनि गरिएको छ । वातावरणीय सरसफाइ र जलबायु अनुकुलनका विषयमा यस क्षेत्रका २ विद्यालयका बालबालिकाहरुलाई सहभागी गराइ विद्यालयमा सरसफाइ, अनुकुनका क्रियाकलाप, कफी रोपण जस्ता कार्यक्रममा बालबालिकाका संलग्नता बढाइएको छ । यस कार्यक्रम, कार्यक्रमबाट प्रत्यक्ष लावान्वित हुने घरधुरिहरुको सहकार्य र स्थानीय निकायको सम्पर्क समन्वय र सहकार्यमा संचालन गरिएको छ ।

## परियोजनाका यस वर्षका क्रियाकलाप तथा उपलब्धिहरु

परियोजनाका उद्देश्यहरु पुरा गर्नका लागि यस आर्थिक वर्षमा यस परियोजना अन्तरगत निम्नानुसारका क्रियाकलापहरु सम्पन्न गरि समुदाय स्तरमा यसप्रकारका सकारात्मक उपलब्धीहरु देखिएका छन् ।

- **कृषक समुह बैठक**

यस आर्थिक वर्षमा परियोजनाको कार्यक्षेत्रका ७ ओटा कृषक समुहमा २/२ पटक गरि कुल १४ पटक कृषक समुह फलोअप बैठक संचालन गरियो । जसमा सबै क्षेत्रका गरि कुल २०४ जना (७६म.१२८पु.) कृषकहरुको सक्रिय सभागिता रहेको छ । यस किसिमको बैठकमा यस परियोजना अन्तरग समुदायमा संचालन गरिने सम्पर्ण क्रियाकलाप तथा कार्यक्रमहरु यी कृषक समुह मार्फत नै गरिने भएकाले कुनै पनि क्रियाकलाप संचालन गर्नु पुर्व के कसरी गर्ने, को को सहभागी रहने, क कस्लाई कसरी वितरण गर्ने , कसरी सम्पन्न गर्ने सो को छलफल तथा निर्णय यस बैठकमा गर्ने गरिन्छ र सोहि मुताविक क्रियाकलाप तथा कार्यक्रम संचालन गर्ने गरिन्छ । जसका कारण यस परियाजना अन्तरगत संचालन गरिने क्रियाकलाप पार्दशी तथा विवाद रहित हुन सहयोग पुग्नुको साथै कार्यक्रम समयमा लक्षित समुह , कृषकहरुमा पुग्न सकेको छ। कार्यक्रम समयमा सम्पन्न गर्न सकिएको छ ।

- **स्थलगत प्राविधिक तथा तरकारी वीउ विजन सहयोग**

यस अवधिमा कार्यक्षेत्रका ७ ओटा कृषक समुहमा जैविक विषाधी बनाउने तरिका र यसको प्रयोग गर्ने तरिका तथा विरुवाको झोलमल वनाउने, हिउदे तरकारीको विरुवा तया गर्ने तारिका र कफी विरुवा रोपण, गोडमेल, मल जल दिने तारिका विषयमा २/२ सेसन गरि कुल १४ सेसन on site technical कक्षा संचालन गरियो । जसमा सबै क्षेत्रका गरि कुल १९३ जना (९७म.९६पु.) कृषकहरुको सक्रिय सभागिता रहेको थियो । साथै अनुशिक्षण पश्चात यी कृषकहरुलाई हिउदे तरकारीको विउहरु वितरण गरियो । यस स्थलगत अभ्यास तथा अनुशिक्षण पश्चात सबैले घरयासी प्रयोजनका लागि तरकारी खेति गर्दछन भने कफी रोपण गर्ने तथा कफी तथा तरकारीका विरुवाहरुमा जैबिक विषादी प्रयोग गर्ने प्रतिबद्धता जाहेर गरेकाछन् । साथै यस अनुशिक्षण पश्चात १३८ जना कृषकले यस वर्ष ४१२० कफी विरुवा रोपण गरेका छन् ।





हिउदे तारिकाको स्थलगत अनुशिक्षण तथा विउ वितरण

- **कफी खेति तथा उत्पादन  तालिम**

यस अवधिमा हुप्सेकोट४ चारघरे,हुप्सेकोट ५ धौबादी, पोखरी  तथा दुलुंगामा गरि ४ स्थानमा  २/२ दिने ४ ओटा कफी खेति तालिम संचालन गरियो जसमा कफी खेतिका लागि आवश्यक पर्ने वातावरणीय पक्ष लगायत विभिन्न विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासबाट तालिम संचालन गरिएको थियो । यस तालिममा चारै स्थानका कृषक समुहका  १०६ (५६म र ५० पु) जना सहभागिहरुले तालिम प्राप्त गरेका छन् । कफी खेतिको व्यवहारिक अभ्यासलाई जोड दिइ संचालन गरिएको यस तालिम अवाधिमा तालिम संचालन भएको चारै क्षेत्रमा कम्तीमा २००० विरुवा क्षमताको एक एक ओटा कफी नर्सरी स्थापना भएका  छन् । तालिममा निकै उत्साही देखिएका कृषकहरु सबैले यस तालिम पछि आ–आफ्नो जमीनमा कम्तीमा २० ओटा कफी विरुवाको रोपण गर्ने प्रतिबद्धता जनाएका छन् । यसका अलावा ५ जना कृषकले निजी रुपमा २०० विरुवा क्षमताको कफी नर्सरी पनि स्थापना गरेका छन् ।






कफी खेति  तालिमको झलक

- **कफी कृषकको अवलोकन भ्रमण :**

यस परियोजना क्षेत्रका कफी कृषकहरुमा कफी खेति प्रति थप प्रोत्साहान गर्न, कफी कृषकहरुको संस्थागत विकासका अवधारणको जानकारी गराउन र कफी बजारहरुको पहुँच विस्तार गर्न र सम्पर्क समन्वय विस्तार गर्ने उद्देश्यले यस क्षेत्रको प्रतिनिधि सक्रिय कृषकहरुका लागि ४ दिने कफी कृषक अवलोकन भ्रमण संचालन गरियो । गोरखाका कफी बगैचा, कम्पनी तथा पोखरा स्थीत क्षेत्रिय चिया तथा कफी विकास बोर्ड, सो को बगैचामा भ्रमण गराइएका यस भमणमा कुल १३ जना कफि कृषकको

सहभागिता रहेको थियो । कफी कृषकहरु तथा कफी सरोकारवालहरुको कफी बगैचाहरु देखी प्रशोधन, संरक्षण र बजारीकरणका विषयमा प्रत्यक्ष अवलोकन, छलफल, अन्तरक्रिया गराइएको थियो । जसका कारण कृषकहरु कफी खेति, उत्पादन देखि बजारिकण सम्मका विषयमा थप स्पष्ट भएका छन् । साथै सरकारी निकायबाट कफी खेतिका बारेमा के कस्तो प्रक्रियामा कस्ता सहयोग पाउन सकिन्छ सो को पनि जनकारी पाएका छन् ।



कफी बगैचा तथा प्रसोधन स्थल अवलोकन

- **खेतिका लागि औजार सहयोग (टनेल तथा सिंचाइका लागि टंकी सहयोग)**

यस परियोजनाका कफी खेति कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सिचाईको प्रमुख भुमिका हुने हुनाले कफी तथा तरकारी खेतिमा सिचाई पनि होस, साथ तरकारी खेतिबाट कृषकहरुले थप आम्दानि पनि लिन सकुन भन्ने उद्धेश्यका साथ किसानको ५० प्रतिशत लगानीमा Tunnel तथा सिंचाइका लागि टंकी सहयोग कार्यक्रम पनि संचालन गरिएको छ जसबाट १६ जना कृषकहरुलाई १६ ओटा Tunnel (Silpaulin sheet) र १००० लीटरको १६ ओटा HDEP Tank सहयोग गरिएको छ । Tunnel निमार्ण गरि तरकारी तथा टमाटर खेति सुरु गरेका छन् भने सिंचाइ टंकीका कारण उनीहरुको तरकारी खेति तथा कफीको विरुवामा सिंचाइ गर्न पनि सहज भएको छ ।




सिंचाइ टंकी तथा टनेलका लागि सिलपौलीन सहयोग

- **कफी विरुवा सहयोग तथा रोपण :**

परियोजना अन्तरगत यस वर्ष ४ कृषक समुहका ११५ कृषक परिवारलाई परियोजनाको तर्फबाट कुल ३४७० कफीको विरुवा सहयोग गरि रोपण गरिएको छ भने १५ घरधुरि कृषकहरुले आफ्नै तर्फबाट १०६० वटा कफी विरुवा व्यवस्थापन गरि रोपण गरेका छन् । यसरी यस अवधिमा कुल १३० कृषकहरुद्धारा ४५३० कफीका विरुवाको रोपण गरीएको छ । एक घर एक व्यक्तिलाई कफी खेति सम्वन्धि दिइएको तालिमले र कफी लगाउनु पर्छ भन्ने विषयमा गरिएको नियमीत परियोजनाको तर्फबाट गरिएको सहजीकरण तथा स्थलगत अनुशिक्षणका कारण यस वर्ष पनि कृषकहरु कफी खेति प्रति थप उत्साहीत भएका छन् ।



कफि विरुवा रोपण दुलुंगा र लाहापे

- **परियोजना अनुगमन तथा मूल्यांकन :**

हरेक वर्ष कम्तिमा एक पटक यस परियोजनासंग सरोकार राख्ने सरोकारवालाहरुको संयुक्त टिमले यस परियोजनाबाट बार्षिक रुपमा भए गरेका क्रियाकलापहरुको अनुगमन गर्ने र परियोजनाको कार्यक्रम कार्यान्वयन गर्ने टिमलाई आवश्यक सल्लाह सुझाव, पृष्ठपोषण दिदै आएको छ । यसै क्रमका यस अवधिमा यस परियोजनाको दातृ निकाय ग्लेसियर ट्रष्टको नेपाल स्थित डाइरेक्टर र को.डाइरेक्टर तथा हिकोडेफको कार्यकारी निर्देशक, कार्यसमित प्रतिनिधिको संयुक्त टिमबाट परियोजना कार्यक्षेत्र, लगायत संचालित क्रियाकलापहरुको अनुगमन गरियो । यस क्रममा पहिलो चरणमा कार्यक्रम संचालन भएको क्षेत्र रिपाहा, र लाहापेमा सम्पन्न गरिएका क्रियाकलाप अनुगमन गर्नुका साथै दोश्रो चरणमा कार्यक्रम संचालन भैरहेका ४ क्षेत्र मध्य ३ कार्यक्षेत्र, धौवादी, पोखरी र चारघरेका स्थलगत भ्रमणका साथै समुदायहरुसंग प्रत्यक्ष साक्षात्कार तथा छलफल गरियो भने कफी रोपण र स्थापित नर्सरी को पनि अवलोकन गरि समुदायलाई आवश्यक सल्लाह तथा सुझाव दिनुका साथै कार्यक्रम संचालनका लागि समुदाय तथा सरोकारवालाहरुसंग आवश्यक सुझाव सल्लाह पनि लिइएको थियो ।





कफी अनुगमन तथा सामुदायिक  छलफल

- **विद्यालय कार्यक्रमः**

यस परियोजनाका विभिन्न कार्यक्रमहरु मध्य विद्यालय संलग्नता पनि एक कार्यक्रम हो । बालबालिकाहरुमा वातावरण तथा सरसफाइ र विरुवा संरक्षण तथा संब्रधनमा सचेतना वृद्धि गराउने सोचका साथ संचालित यस कार्यक्रममा जलवायु शिक्षा कार्यक्रम, विद्यालय कम्पाउड भित्र कफी विरुवा रोपण कार्यक्रम संचालन गरिएको छ । जलबायु कक्षामा  बालबालिकालाई जलबायु परिवर्तन के हो,  किन र कसरी हुन्छ, यस प्रभाव कस्तो छ र सो प्रभावसंग जुध्नका लागि अपनाइने उपायहरुका बारेमा जानकारी गराइन्छ । विद्यालय कम्पाउण्ड भित्र कफी विरुवा रोपणका लागि  बालबालिकाहरुलाई कफी लगाउने तरिका, रोपण गर्ने दुरी, खाडल खन्ने तरिका र मल जल गर्ने तरिकाका तथा विद्यालय सरसफाइको बारेमा पनि जानकारी

गराउनुका सरसफाइ पनि गर्न लगाईन्छ  ता कि बालबालिकाले कार्यक्रमको समग्र सन्देश हरेक घरहरुमा पुऱ्याउन ।





विद्यालय कार्यक्रमको झलक

- **कफी पार्चमेन्ट  तयारी सहजीकरणः**

यस वर्ष पनि परियोजना क्षेत्रका कृषकहरुलाई कफी पार्चमेन्ट तयारीका लागि सहजीकरण तथा अभिप्रेरित गर्ने कामलाई निरन्तरता दिइएको छ । विगतमा कफी चेरी बोटमै पाकेर झरेर जाने अवस्था र कसै कसैले टिपेहाले पनि प्रशोधन प्रक्रिया नजानेर खेर जाने तथा कमै मात्रामा कफीको पार्चमेन्ट तयार हुने गर्दथ्यो । यही कुरालाई ख्याल गरि कार्यक्षेत्रका सवै कृषकलाई कफीको व्यवसायिक तालिम दिइसकेपछि  नियमीत कफी पार्चमेन्ट तयार गर्न सहजीकरण तथा अभिप्रेरित गरियो जसको फलस्वरुप

यस वर्ष देखि यस परियोना आवधिमा रोएिका कफी विरुवाबाट पनि कफी उत्पादन हुन थालेको छ। यस वर्ष परियोजना क्षेत्रका ३४ जना कृषकहरुले २६४ के.जी. कफी पार्चमेन्ट तयार गरी विक्री गरेका छन्। जसबाट रु. १०५६०० आम्दानि पनि गरेका छन् जसले अन्य सबैलाई हौसला प्रदान गरेको छ र समुदायमा कफी पल्पीङ्ग गरि कफी पार्चमेन्ट बनाउने क्षमता अभिबृद्धी भएको छ।



आ आफ्ना विक्री योग्य कफी पार्चमेन्टका साथ कृषकहरु

## कार्यक्रममा देखिएका चुनौतिहरु

- परियोजनाको सहयोग तथा सहजीकरणमा परियोजना क्षेत्रका केही कृषकहरु व्यवसायिक तरकारी गर्न पनि थालेका छन् तर कहिले बाढि पैरोको कारणले स्थानिय मोटर बाटो लामो समय सम्म बन्द भएका कारणले उत्पादीत तरकारी विक्रीका लागि ढुवानीका समस्या त कहिले लामो समयको खडेरीका कारण सिंचाइ समस्याका कारणले सो व्यवसायिक तरकारी खेतिले निरन्तरता पाउन सकेको छैन र किसानहरु हतोत्साहित भएका छन।
- परियोजना क्षेत्रमा बाढि पैरोको कारणले खेति योग्य जमीनमा भएको विनासले अपेक्षीत रुपमा कफी खेति विस्तार हुन नसक्नु।
- दुर्गम कार्यक्षेत्रहरुमा दक्ष प्राविधिक (ओ. जे. टी. स्वयम सेवकहरु) जान नचाहनु र गएका पनि विचैमा छोड्नु।
- पानीको उपलब्धताको कमीका कारण पोखरी र धौवादी क्षेत्रमा तरकारी तथा कफी विरुवा सिंचाइमा कठिनाई।

## सिकाई तथा सुझावः

- कफी खेतिको लागि सिंचाइको अति आवश्यक पर्ने भएकाले कफी खेतिका सिचाइ र कफी उत्पादन पश्चात कफी प्रसोधनका लागि पानीको निरन्तर र ठुलो परिमाणमा पानीको आवश्यक पर्ने भएकाले यी कफी खेति विस्तार गरिएका क्षेत्रहरुमा पानीको सर्वसुलभ व्यवस्था हुन जरुरी छ।

पानीको सर्वसुलभ उपलब्धता हुन नसक्ने अवस्थामा कफी पार्चमेन्ट बनाउनु भन्दा ड्राइ चेरी बनाइ विक्री वितरणको प्रक्रिया मिलाउनु पर्ने देखिन्छ । अथवा पानी कम लाग्ने प्रसोधन प्रक्रिया अवलम्वन गर्न लगाउनु पर्ने हुन्छ ।

- हाल नयाँ कफी विरुवाहरुबाट पनि स साना परिमाणमा कफी उत्पादन हुन थालि सकेको अवस्था छ । संकलीत कफी अझै सहज हिसावले खरिद विक्री हुने अवस्था आइसकेको छैन । साना किसानहरुले गुजाराको अन्न उत्पादन गर्ने स्थानमा कफी लगाउनु र सो उत्पादीत कफी सहज बिक्री वितरण हुन सकेन भने ती साना किसानको हात मुख जोर्न नै समस्या हुन सक्छ । त्यसैले यसबारेमा बेलैमा सोच्नु जरुरी देखिन्छ ।

### २. सुरक्षित आप्रवासन कार्यक्रम (SAMI)

## परिचयः

| | |
|---|---|
| परियोजनाको नामः | सुरक्षित आप्रवासन (सामी) कार्यक्रम |
| समझदारीः | नेपाल सरकार तथा स्वीस सरकार |
| प्राविधिक सहयोगः | हेल्भेटास नेपाल |
| परियोजनाको अवधिः | १ श्रावण २०७९ देखी ३१ असार २०८० सम्म |
| वार्षिक बजेटः | संघीय सशर्त अनुदान रु. १ करोड ३३ लाख, आन्तरिक रु २० लाख |
| खर्च प्रतिशतः | ९४ प्रतिशत |
| आप्रवासी श्रोत केन्द्र स्थानः | कावासोती नगरपालिका ३, संगमचोक नवलपरासी |
| कार्यरत कर्मचारीः | १४ जना तथा १२ जना आंशिक स्वयंसेवक सहित २६ जना |

## उद्देश्यः

यस कार्यक्रमको मूल उद्देश्य बैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धिमुलक बनाउनु हो । यसका निम्ती,

- आप्रवासी कामदारहरुलाई सही निर्णय लिन सक्षम बनाउन विभिन्न किसिमका सूचना प्रवाह गर्ने
- वैदेशिक रोजगारको क्रममा हुन सक्ने संभाव्य ठगी बाट बच्ने उपायहरु सिकाउने ।
- ठगी तथा समस्यामा परेकाहरुलाई निशुल्क कानूनी सहयोग गर्ने र समस्या समाधानका लागि सम्बन्धित संघसंस्थासंग समन्वय गराईदिने ।
- निशुल्क सीप तालिम प्राप्त गर्न संस्था संग समन्वय गराईदिने ।

## लक्षित वर्ग:

- वैदेशिक रोजगारीका लागि म्यानपावर कम्पनिमा पुऱ्याउने एजेण्टहरु
- बैदेशिक रोजगारका सम्भावित कामदारहरु
- बैदेशिक रोजगारीमा रहेका परिवारहरु
- बैदेशिक रोजगारीबाट फर्केका कामदारहरु
- विद्यालयका विद्यार्थी तथा शिक्षकहरु
- समुदायमा रहेका महिला समूह, टोल विकास समिति, यूवा क्लब, सामुदायिक बन लगायतका समूहहरु आदी

## यस अवधिको उपलब्धि सारांश:

नेपाल सरकार तथा स्वीस सरकारको द्धिपक्षीय सम्झौता अर्न्तगत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतत्वमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नवलपरासी जिल्लाको कावासोती, गैंढाकोट, मध्यविन्दु नगरपालिका तथा विनयी त्रिवेणी गाउँपालिकामा संचालित छ । हेल्भेटास नेपालको प्राविधिक सहयोगमा संचालित यस कार्यक्रमको शुरुवातको चरणमा सामी हेल्भेटास स्वीस ईन्टरकोअपरेशन नेपालको साझेदारीमा हिमालयन सामुदायिक विकास मन्च कावासोती, नवलपरासीले १३ फेब्रुअरी २०१४ देखी नवलपरासी जिल्लामा तत्कालिन सूचना केन्द्र (हाल आप्रवासी श्रोत केन्द्र) स्थापना गरी सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचाना गरिरहेको छ । हाल वार्षिक रुपमा हरेक नेपाली आर्थिक वर्षमा स्थानीय स्तरमा नै सम्झौता नविकरण गरी कार्यक्रम संचालन भईरहेको छ । यस प्रतिवेदनले आर्थिक वर्ष २०७९/०८० (१ साउन २०७९ देखी ३१ असार २०८०) को अवधिमा सामी कार्यक्रम मार्फत सम्पन्न भएका गतिविधि तथा प्रगतीहरु समेटेको छ ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अर्न्तगत दैनिक रुपमा बैदेशिक रोजगारीमा जान चाहने संभावित कामदारहरुलाई परामर्श दिने तथा साप्ताहिक रुपमा अभिमुखिकरणहरु संचालन गर्ने, केशहरु दर्ता गरी सम्बन्धित निकायहरुमा सिफारिश तथा फलोअप गर्ने र सीप तालिम लिनका लागि संभावित कामदारहरुलाई प्रोत्साहन गर्ने तथा ईच्छुकहरुलाई सिफारिश गर्ने, राहदानी लिएका र लिने तयारीमा रहेकाहरुसंग प्रत्यक्ष भेटघाट गरी सुरक्षित बैदेशिक रोजगाीका बारेमा जानकारी दिने सरोकारवाला निकायहरुलाई यसका बारेमा अभिमुखिकरण तालिम प्रदान गर्ने जस्ता कार्यहरु लाई यस अवधिमा पनि निरन्तरता दिईयो ।

जिल्ला प्रशासन कार्यालय कावासोतीको तथ्यांक अनुसार १ श्रावण २०७९ देखी ३१ असार २०८० सम्ममा नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाबाट २०८१७ जना (१२६०६ जना पुरुष, ७७४१ महिला तथा ४७० जना नाबालक) जनाले राहदानी बनाएका छन् भने १८३५९ जना (११९३० जना पुरुष तथा ७०२९ जना महिला) जना सेवाग्राहीले आप्रवासी श्रोत केन्द्रबाट सेवा लिएका छन् ।

आप्रवासी श्रोत केन्द्रमा दर्ता हुन आएका यस आर्थिक वर्षमा १९८ वटा (१८ महिला) केशहरु दर्ता भएकोमा यस वर्ष ५५ वटा (९ महिला) र अघिल्लो वर्षका १०५ (२ महिला) गरी १६० वटा समस्या पिपुल फोरम, पिएनसिसि मा सिफारिश गरी वैदेशिक रोजगार विभाग, वोर्ड, गन्तव्य देशका रहेका नेपाली दुतावास तथा सामी हेल्भेटास, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयहरुको संयुक्त प्रयासमा समाधान भएका छन् । मृत्यु, ठगि, बिरामी क्षतिपुर्तिको रुपमा चार करोड चार लाख पाँच हजार रुपैया तजथा अघिल्ला वर्षहरुको एक करोड सात लाख पच्चिस हजार रुपैया गरी पाँच करोड एघार लाख तीस हजार रुपैया सेवाग्राहीहरुलाई दिलाउन पिएनसिसि, बैदेशिक रोजगार विभाग तथा वोर्ड र आप्रवासी श्रोत केन्द्रसंगको समन्वयमा यस कार्यक्रम मार्फत सहजिकरण गरियो ।

यस अवधिमा १३६ जना (१३ पुरुष तथा १२३ महिला)ल मनोसामाजिक समस्यामा रहेका व्यक्तिहरुलाई घरमै भेट गरी सामान्य अवश्थामा ल्याउनका लागि परामर्श सेवा उपलब्ध गराईएको छ । हाम्रो यो प्रयासका कारण यि मध्ये ९८ वटा केशहरु सामान्य अवश्थामा आएका छन । यस अवधिमा १६ वटा वित्तिबय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन गरियो ।

कार्यक्रमको लक्ष्य तथा उद्देश्य पूरा गर्न जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई कार्यालय लगायत सरकारी कार्यालय तथा नेपाल पत्रकार महासंघ, गैर सरकारी संस्था महासंघ, गैसस हरुको समन्वय तथा सहकार्यमा क्रियाकलापहरु संचालन भएका छन् ।

## तथ्यांकमा सामीः

**यस आर्थिक वर्षको गतिविधि सम्पादनको अवस्था :**

| क.सं. | गतिविधि | एकाई | वार्षिक लक्ष्य | उपलब्धी | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | उपलब्धी | पुरुष | महिला | जम्मा |
| 1 | आप्रवासी स्रोत केन्द्रमा परामर्श | जना | 1000 | 4165 | 11330 | 7029 | 18359 |
| 2 | गहन अभिमुखीकरण कार्यक्रम | पटक | 8 | 8 | ८० | १२२ | २०२ |
| 3 | सामुदायिक अभिमुखीकरण | पटक | 16 | 16 | ११० | १३३ | १४३ |
| 4 | वैदेशिक रोजगारीको समस्या दर्ता | जना | | | 180 | 18 | 198 |
| 5 | समस्या समाधान | जना | | | 46 | 9 | 55 |
| 6 | आर्थिक सहायता तथा रकम फिर्ता | रकम | | | 38850000 | 1555000 | 40405000 |
| 7 | अघिल्ला वर्षका केश समाधान | जना | | | 103 | 2 | 105 |
| 8 | आर्थिक सहायता तथा रकम फिर्ता | रकम | | | 10725000 | | 10725000 |
| 9 | व्यक्तिगत मनोसामाजिक परामर्श | जना | 120 | १३६ | 13 | 12३ | १३६ |
| 10 | रिटर्नी स्वयँसेवक परिचालन | जना | 11520 | | ५५९२ | ४७४० | १०३३२ |
| 11 | वित्तीय साक्षरता कक्षा संचालन | समुह | 4 | 4 | 0 | 404 | 404 |
| 12 | सरोकारवालाहरुसंग अन्तर्क्रिया | पटक | 11 | 11 | १४२ | ७९ | २२१ |
| 13 | स्थानीय तहबाट अनुगमन | पटक | 8 | ५८ | ४० | १८ | ५८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 14 | कार्यक्रम व्यवस्थापन समितिको वैठक | पटक | 2 | 2 | 24 | 4 | 28 |
| 15 | जिल्ला प्रशासन कार्यालयसंग वैठक | पटक | 2 | 2 | 16 | 8 | 24 |
| 16 | रोजगार सेवा केन्द्रसंग वैठक | पटक | 2 | 2 | 24 | 13 | 27 |
| 17 | स्थानीय अभियानकर्ताहरुसंग वैठक | पटक | 2 | 2 | 13 | 13 | 26 |
| 18 | अर्धवार्षिक समिक्षा वैठक | पटक | 2 | 2 | 39 | 30 | 69 |
| 19 | आप्रवासी कामदार संजाल सहयोग | पटक | 2 | 2 | 100 | 105 | 205 |
| 20 | आप्रवासी कामदार संजाल पुनर्गठन | पटक | 1 | 1 | 42 | 10 | 52 |
| 21 | आप्रवासी कामदार दिवश | पटक | 1 | 1 | 17 | 21 | 38 |
| 22 | सूचनामूलक सामग्री उत्पादन | संख्या | 20000 | 20000 | | | 20000 |
| 23 | रेडियो जिंगल प्रशारण | एफएम | 2 | 2 | | | 2 |
| 24 | जिल्ला समन्वय समिति वैठक | पटक | 2 | 2 | 45 | 18 | 63 |
| | जम्मा | | | | १८०१३ | १३१९१ | ३१२०४ |

सामी कार्यक्रमलाइ कार्यान्वयन स्तरमा लैंजाँदा खेरी कार्यक्रमको मूलभुत उद्देश्य हासिल गर्ने दिशामा केन्द्रित रहेर निम्न पाँच विषय भित्र वर्गिकरण गरिएको छ ।

१. सूचनामा पहुँच
२. सीपमा पहुँच
३. वित्तिय साक्षरता
४. न्याय प्राप्तिमा सहयोग
५. मनोसामाजिक परामर्श

यस आर्थिक वर्षमा भएका विषयगत उपलब्धिहरु निम्न बमोजिम रहेका छन् ।

## १.सूचनामा सहयोग



वैदेशिक रोजगारमा जानेहरुका लागि सहि सुचना तथा जानकारी प्रदान गरेर रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र व्यवस्थित बनाउनका लागि सूचनामा पहूँच बढाउने उद्धेश्यले आप्रवासी स्रोत केन्द्रद्धारा विभिन्न माध्यमको प्रयोग गरेर संभावित कामदारहरुलाई व्यक्तिगत, सामुहिक तथा स गहन अभिमुखीकरण, समुदायस्तरमा रहेका औपचारिक तथा अनौपचारिक समूहहरुमा सामुदायिक



अभिमुखिकरण जस्ता विभिन्न क्रियाकलाप संचालन गरियो । यस अवधिमा विभिन्न स्रोतहरुमार्फत आप्रवासी स्रोत केन्द्रमा जम्मा १८३५९ जना (११३३० जना पुरुष तथा ७०२९ जना महिला) आएर सूचना लिएका छन् भने सामाजिक परिचालन तथा अभिमुखीकरण

कृयाकलापहरुमार्फत १२८४५ जना (६६८३ जना पुरुष तथा ६१६२ जना महिला) लाई सुरक्षित वैदेशिक रोजगारीको बारेमा सूचना सम्प्रेषण गरिएको छ ।

यस आर्थिक वर्षमा ४ वटा स्थानिय तहका विभिन्न स्थानहरुमा २।२ वटा गहन अभिमुखीकरण ४।४ वटा सामुदायिक अभिमिखीकरण संचालन गरियो । प्रत्येक स्थानीय तहहरुमा ३ जनाका दरले रिटर्नी स्वयंसेवकहरु परिचालन गरियो ।

## २. सीपमा पहुँच


नेपालबाट वैदेशिक रोजगारीमा जाने मध्ये करिब ५५ प्रतिशत कामदारहरु अदक्ष वा बिनासिप नै जाने गरेको विभिन्न तथ्यांकहरुले देखाएको छ । यस कुरालाई मध्यनजर गरेर विगतका वर्षहरुमा सामी कार्यक्रम अन्तर्गत सिप तालिम लिएर वैदेशिक रोजगारीमा जानका लागि सूसुचित गर्दै आवश्यक सहजिकरणको कार्य गरिदै आरहेको छ । कार्यक्षेत्रभित्र र वरपरका क्षेत्रबाट आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरेका तथा फोन फलोअपबाट सम्पर्क गरेर संभावित कामदारहरुलाई यस वर्ष पुरुषहरुका लागि ईलेक्ट्रिसियन, प्लम्बर तथा महिलाहरुको लागि गार्मेण्ट तालिममा ३२ जना सिफारिस गरिए तापनि तालिममा २२ जना सहभागी भएका छन् ।

## ३. वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा कार्यक्रम-



वैदेशिक रोजगारमा गएका कामदारका परिवारहरुलाई आत्मनिर्भर बनाउन र वैदेशिक रोजगारीमा आर्जन गरेको रेमिटान्सबाट प्राप्त रकमको सहि तथा व्यवस्थित सदुपयोगका लागि योजना निर्माणमा सघाउ पुर्याउने उद्येश्यका साथ यस अवधिमा वित्तिय साक्षरता कार्यक्रम ४ वटा स्थानीय तहहरुमा १६ वटा स्थानमा ४०४ जना सहभागीहरुलाई वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन गरियो । कक्षामा २१ हप्तामा २१ दिन उक्त कक्षा संचालन गरिन्छ । साप्ताहिक रुपमा संचालन हुने उक्त कक्षामा ४ वटा सत्र मनोसामाजिक परामर्श सेवासंग सम्बन्धित हुन्छन् र मनोसामाजिक परामर्शकर्ताद्वारा उक्त सत्रहरुको सहजीकरण गरिन्छ ।

वित्तीय साक्षरता कार्यक्रमका केही उपलब्धीहरु (सहभागी ४०४ जना)-




यस वर्ष ४०४ जना सहभागी मध्य २६४ जनाले दैनिक हिसावकिताव राख्ने गरेका छन् । त्यसैगरी वचत रकममा वृद्धि गर्ने २४५ जना रहेका छन् । उपर्युक्त तालिकामा उल्लेखित संख्या आगामी दिनमा वृद्धि हुंदै जाने विश्वास गरिएको छ । यसको लागि मासिक रुपमा फलोअप गर्ने र तथ्यांक लिने व्यवस्था गरिने छ ।

## ४. न्यायमा सहयोग-



वैदेशिक रोजगारीले राष्ट्रका निम्ति योगदानका साथमा विकृतिहरु तथा समस्याहरु पनि निम्त्याईरहेको छ । यसका लागि पिडित पक्षलाई न्याय दिलाउनुपर्ने आवश्यकताको महसुस गरि वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, गन्तव्य देशका दुतावास, सामी हेल्भेटास, पिएनसीसी, पिपुल्स फोरम, जिल्लामा रहेका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा स्थानीय तहका न्यायिक समितिहरुको सहयोगमा नगरपालिका तथा आप्रवासी स्रोत केन्द्रले कार्य सम्पादन गर्दै आइरहेको छ ।

## ४.१. आप्रवासी स्रोत केन्द्रमा आएका केशको विवरण-



आप्रवासी स्रोत केन्द्रमा दर्ता हुन आएका यस आर्थिक वर्षमा १९८ वटा (१८ वटा महिला) केशहरु दर्ता भएकोमा यस वर्षका ५५ वटा (९ वटा महिला) र अघिल्लो वर्षका १०५(२जना महिला) गरी १६० वटा समस्या पिपुल फोरम, पिएनसिसी सिफारिस गरी वैदेशिक रोजगार विभाग, वोर्ड, गन्तब्य देशमा रहेका नेपाली दुतावास तथा सामी हेल्भेटास, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयहरुको संयुक्त प्रयासमा समाधान भएका छन् । मृत्यु, ठगी, विरामी क्षतिपूर्तिको रुपमा ४ करोड ४ लाख ५ हजार रुपैंया तथा अघिल्ला वर्षहरुको १ करोड ७ लाख २५ हजार रुपैंया गरी ५करोड ११ लाख ३० हजार रुपैंयां सेवाग्राहीहरुलाई दिलाउन पिएनसिसी, वैदेशिक रोजगार विभाग तथा वोर्ड र आप्रवासी स्रोत केन्द्रसंगको समन्वयमा यस नगरपालिकाले सहजीकरण गरियो ।

| क्र.सं. | यस वर्ष लिइएका केशहरुकको चिचरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | केश दर्ता | | | समाधान | | | आर्थिक सहायता |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| | १८० | १८ | १९८ | ४६ | ९ | ५५ | ४०४०५००० |
| | अघिल्ला वर्षका केशहरु | | | | | | |
| | ० | ० | ० | १०३ | २ | १०५ | १०७२५००० |
| **जम्मा** | **१८०** | **१८** | **९८** | **१४९** | **११** | **१६०** | **५११३००००** |

## ५. मनोसामाजिक परामर्श-

नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाका विभिन्न स्थानहरुमा बैदेशिक रोजगारका क्रममा आएका मनोसामाजिक समस्याहरु विभिन्न माध्यमबाट संकलन गर्ने र समस्याको यथार्थको बारेमा जानकारी प्राप्त लिईयो । रिटर्नी, संचार साधन, विद्यालय सचेतना कार्यक्रम, स्थानिय महिला अगुवा, समुह मनोपरामर्श, मनोसामाजिक परामर्शकर्ता स्वयम्का माध्यमबाट वैदेशिक रोजगारका कारणबाट समस्यामा परेका व्यक्ति तथा तिनका परिवारको समस्या पहिचान गरी उनीहरुको मनोगत समस्या पत्ता लगाइ विभिन्न विधिहरु प्रयोग गरी समस्या न्युनिकरण गरिएको छ ।



आप्रवासी स्रोत केन्द्रमा आएका तथा समुदाय भेटघाटबाट भेटिएको मनोसामाजिक समस्याहरु मध्ये अवस्था विश्लेषण गरि यस अवधिमा व्यक्तिगत १३६ वटा केशदर्ता गरि व्यक्तिगत रुपमा वित्तीय साक्षरता कक्षा संचालन भएका १६ वटा समूहहरुमा सामुहिक मनोसामाजिक परामर्श गर्ने काम गरिएको छ ।

**स्थानीय सरकारबाट सामी कार्यक्रमको दिगो व्यवस्थापनका लागि गरिएका प्रयासहरु-**

- सुरक्षित आप्रवासन कार्यविधि पारित तथा कार्यान्वयन ।
- आवधिक योजनामा सुरक्षित वैदेशिक रोजगारीको सवाललाइ पनि समेटिएको ।
- आन्तरिक रकमको व्यवस्थाका साथ सामाजिक परिचालन अधिकृत तथा आप्रवासी स्रोत केन्द्र सहायक परिचालन गरी सामी कार्यक्रम अन्तर्गतका गतिविधिहरु संचालन ।
- वैदेशिक रोजगारी सम्बन्धी पाश्र्वचित्र निर्माण गरिएको ।
- नगरपालिकामा श्रम तथा रोजगार शाखाको निर्माण गर्ने निर्णय र कार्यान्वयन ।

## चुनौती र निश्कर्ष

### चुनौतीहरु -

- एजेन्टको प्रावधान नभए पनि एजेन्टको विगविगी रहेको र नजिकका नातागोताहरु नै एजेन्ट हुने भएकोले उनीहरुलाइ विश्वास गर्ने ।
- खुला सिमानाको कारण मानव वेचविखनको लागि सहज भएको ।
- नयाँ गन्तव्य मूलुकहरुमा (युरोप तथा दक्षिण अफ्रिका) लैजाने वहाना र भिजिट भिषामा लैजाने क्रम भएकोले ठगी धन्दामा वृद्धि भएको) ।
- राहदानी बनाउने संख्यामा एक्कासी वृद्धि भएको जसले आप्रवासी स्रोत केन्द्रमा प्रभावकारी परामर्श कार्यमा समस्या आएको ।

### निश्कर्ष -

सुरक्षित आप्रवासन कार्यक्रम स्थानीय सरकारको नेतृत्वमा कार्यान्वयन भईररहेको सन्दर्भमा सवालप्रति स्थानीय सरकारले अपनत्व लिने प्रयास गरिएको छ । स्थानीय सरकारको सामु जनताको प्रत्यक्ष जीवनसंग जोडिएका अनगिन्ती सवालहरु छन्, जसलाइ अनिवार्य रुपमा सम्बोधन गर्नुपर्ने दायित्व स्थानीय सरकारको छ । तसर्थ सवै सवालहरुको न्यायोचित तरिकाले सम्बोधन गर्ने क्रममा सुरक्षित आप्रवासनको सवाल सम्बोधनका लागि समय तथा सिमित श्रोत साधनहरुको

बावजुद प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न जमर्को गरियो । फलस्वरुप महत्वपूर्ण नतिजाहरु हासिल भएका छन् । वैदेशिक रोजगारीको क्रममा संभावित कामदार तथा आप्रवासी कामदारहरुले सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्राप्त गर्नु, समस्यामा परेका सेवाग्राहीहरुले कानूनी सहायता प्राप्त गर्नु, वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा मार्फत आप्रवासी कामदारका परिवारहरु आत्मनिर्भरतातर्फ उन्मुख हुनु जस्ता नतिजाहरु हासिल हुनुले नगरपालिकालाई यसप्रति थप जिम्मेवार बन्न उत्साहित बनाएको छ । आगामी वर्षहरुमा स्थानीय सरकार यस सवाललाई सम्बोधन गर्न थप योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

# ४. सामुदायिक झोलुङ्गे पुल कार्यक्रम

## १. पृष्ठभुमी



स थानीय बासिन्दाहरुको दैनिक जीवन यापनमा सहजता ल्याउन नेपाल सरकारले गरेको गौरवको आयोजना मध्ये सामुदायिक झोलुङ्गे पुल कार्यक्रम पनि एक महत्वपूर्ण कार्यक्रम हो । यो कार्यक्रम सफल बनाउनु हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) को समेत जिम्मेवारी महशुश गरी नवलपरासी पुर्व र पश्चिम जिल्लाहरुमा विगत २०६३ साल देखी सरकारी तथा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा **"सामुदायिक झोलुङ्गे पुल कार्यक्रम" निरन्तर** संचालन गरिँदै आएको छ । सामुदायिक झोलुङ्गे पुल स्थानीय समुदायद्धारा पुलको आवश्यकता महशुस गरी समस्याको विश्लेषण सहित आवश्यक स्रोत साधनको पहिचान गरी स्थानीय समुदायको अगुवाई तथा व्यवस्थानपनमा पुल निर्माण गरिन्छ । यस कार्यक्रमले समुदायको स्वामित्व बोध गराई पुलको मर्मत संभार रेखदेखमा समेत स्थानीयको सहभागिता सुनिश्चित गराउँछ जसले गर्दा पुलको दीर्घकाल सम्म जतन तथा उपयोगको सुनिश्चितता हुन्छ । समुदायलाई जीवन यापनको लागि आवश्यक सेवा सुविधाको पहुँचमा सहजता तथा दिगोपन ल्याउँछ । हिकोडेफको मुख्य भूमिका भनेको पुलको आवश्यकता पहिचानमा सहजिकरण, निर्माण पूर्वको चरणमा हुने सम्पूर्ण प्रकृयामा सहयोग र निर्माण देखी सम्पन्न गरिदाँसम्मको अवधिमा सामाजिक तथा प्राविधिक कार्यमा समुदायलाई सहयोग उपलब्ध गराई पुलको दीगोपनाका लागि मर्मत सम्भार समिति गठन गर्ने र स्थानीयवासीको रोजगारीको सुनिश्चितता कायम गराउने हो ।



निर्माण सम्पन्न चनौटेखोला झो.पु.

हिमालयन सामुदायिक विकास मञ्चले तत्कालिन् जिल्ला विकास समिति नवलपरासीको सहयोगमा संचालित यो कार्यक्रम वि. सं.२०६३ साल (सन् २००६) देखि हालसम्म देशको संघिय संरचना अनुसार नवलपरासी (पूर्व

तथा पश्चिम) मा कार्यरत छ र सन् २००६ देखी हालसम्म जम्मा ५९ वटा झो.पु.हरु निर्माण सम्पन्न गरि सकिएको छ ।

यस आर्थिक वर्षमा व.सु.पूर्व जिल्ला भरीको चार गाउँपालिकाहरु र तीन नगरपालिकाहरु गरी जम्मा सातवटा पालिकाहरु र नवलपरासी व.सु.पश्चिमको दुई नगर पालिका र एक गाउँ पालिका गरी तीन वटा स्थानीय निकायहरुमा झो. पु. निर्माणको विभिन्न चरणमा रहेका छन् । पूर्व र पश्चिम दुवै जिल्लामा हिकोडेफले यस बर्ष झो.पु.को आवश्यकता, सम्भावना, सर्भे/डि.पि.आर. निर्माणका लागि स्थानीय निकायहरुको सहकार्यमा सामाजिक तथा प्राविधिक रुपमा सेवा प्रदान गर्दै आएको छ । यो वर्ष जम्मा ५ वटाको निर्माण कार्य सम्पन्न गरी स्थानीय गा.पा./न.पा.मा हस्तान्तरण भएको छ भने बाँकी २१ वटा पुलहरुको सम्झौता गरी क्रमागत रुपमा रहेका छन् । साथै थप सर्भेका लागि गा.पा. र न.पा हरुबाट समेत कार्यादेश प्राप्त भएको छ । यस कार्यक्रम अर्न्तगत हिमालयन सामुदायिक विकास मन्चको भूमिका तथा आ व २०७९/०८० मा सम्पन्न गरिएका क्रियाकलापहरुको प्रगति निम्न बमोजिम रह्यो ।



पारदर्शिताका लागि निर्माण स्थलमा राखिएको होर्डिङ्ग बोर्ड

## २. झो.पु. निमार्ण प्रक्रिया तथा क्रियाकलापमा हिकोडेफको भुमिकाः

स्थानीय समुदायहरुमा पुल निर्माण कार्य शुरु गर्नु भन्दा अगाडि समुदायको माग र आवश्यकता वास्तविक छ वा छैन भनी हिकोडेफबाट प्रारम्भिक रुपमा स्थलगत अध्ययन गरेर मात्र निम्न चरणहरु पुरा गरिन्छ ।

### ➢ <u>निमार्ण पुर्व चरण</u>

- गा.पा./न.पा., TBSU/PTAP सँग संयुक्त रुपमा बसेर छलफल
- माग संकलन ।
- सामुदायिक भेला, उपभोक्ता समिति गठन ।
- सामाजिक मुल्यांकन तथा विस्तृत सर्वेक्षण ।
- सार्वजनिक सुनुवाई ।
- पुलको डिजाईन, ईस्टिमेट, नक्शा तयार ।
- पुलको डिजाईन, ईस्टिमेट, नक्शा स्वीकृति ।
- गाउँपालिका/नगरपालिका र उपभोक्ता समितिवीचको सामुदायिक सम्झौता ।
- नमुना झो.पु. तालिम ।

### ➢ <u>निमार्ण चरण</u>

- स्थानीय सामाग्री संकलन देखि पुलको सम्पुर्ण जडान सम्पन्न गर्ने सम्मको कार्य ।
- अभिलेख तथा लेखा र योजना खाता अध्यावधिक(सामाजिक तथा प्राविधिक कार्य)

चनौटे पुल निर्माणको अन्तिम सा.ले.प. गर्दे



- **सार्वजनिक समिक्षा ।**
  टावर निर्माण, लठ्ठा तान्ने र कंक्रिट सम्पन्न भएपछि अघिल्लो चरणमा गरेका कृयाकलापरुको सार्वजनिक समिक्षा हुने गरेको ।

➢ **निमार्ण पछिको चरण :**

- पुलको अन्तिम जाचँपास र समितिलाई कार्य सम्पन्न प्रमाण पत्र हस्तान्तरण ।
- **सार्वजनिक लेखापरिक्षण ।**
- नियमित मर्मतसंभार समिति गठन ।
- पुल निमार्ण पश्चात समुदायमा पारेको असर अध्ययन ।
- समितिको विल भरपाई र प्रतिवेदन तयारीमा सहजीकरण ।
- प्रतिवेदन तयारी गरी सम्बन्धित निकायमा पेश गर्ने ।
- उपभोक्ता समितिले रकम पाएको वा नपाएको यकिन गर्ने र कामदार ज्याला भुक्तानी समेतको यकिन गर्ने

**३. लक्ष्य**

विशेष गरी पहाडी तथा ग्रामीण क्षेत्रमा सामाजिक विकासको रुपमा बाटोमा पुल नभएर विद्यालय जान नसक्ने, पछाडि परेका विपन्न एवम् वञ्चितमा परेका सीमान्तकृत समुदायको विकास एवम् सशक्तीकरणका माध्यमबाट उपलब्ध श्रोत, साधन, सेवा सुविधामा पहुंच, निर्णय प्रकृयामा सहभागिता, नियन्त्रण सृजना गरी सेवा प्रदायकलाई समुदायको हितमा हुने विकास कार्यमा प्रभाव पार्दै उत्तरदायी एवम् प्रभावकारी रुपमा सेवा प्रदान गरी समुदायको विकास निर्माण कार्यमा सहयोग पुऱ्याउने ।

**४. उद्देश्यहरु**

- ग्रामीण क्षेत्रमा सामाजिक विकासकारुपले अति विपन्न र वञ्चितिमा परेका समुदायको झो.पु.को माग संकलन गरी ती समुदायको विकास निर्माण कार्यमा सहयोग गर्ने ।
- विद्यालय स्तरका बालबालिकाहरुलाई दैनिक आवत जावत गरी नियमित शिक्षा आर्जन गर्ने वातावरण तयारी गर्ने ।
- योजना तर्जुमा, प्राथमिकिकरण, कार्यान्वयन गरी गा.पा. ⁄न.पा.मा पठाई कार्यक्रमलाई अगाडि बढाउने ।
- गा.पा. ⁄न.पा. एवम् अन्य सरकारी, गैर सरकारी संस्थाले वढि समावेशी, नीति र तिनको काम गर्ने तरिका, व्यवहार, शैली, प्रवृतिमा सकारात्मक परिवर्तन ल्याई संस्थागत, नीतिगत, कानुनी एवं संरचनागत सुधार एवं परिवर्तन ल्याउन सक्षम वनाउने ।
- सामाजिक विकास निर्माण प्रति समुदायको दायित्व र कर्तव्य निर्वाह गर्ने भूमिका वारे सचेत गराउने ।
- समुदायलाई झो.पु. निर्माण प्रक्रिया बारे जानकारी गराई सामाजिक तथा प्राविधिक सहयोग गरी विकास निर्माण कार्यलाई सबल र सक्षम तरिकाले अगाडि बढाउन प्रेरित



निर्माण पूर्व सार्वजनिक सुनुवाई गर्दै

गराउने ।

## ५. सम्पन्न गरिएका क्रियाकलाप तथा प्राप्त उपलब्धीहरु

- यस कार्यक्रमबाट आ.व. २०७९/०८० मा निम्न ५ वटा झो.पु.हरु निर्माण कार्य सम्पन्न भयो ।

| क्र. स. | झो.पु.को नाम | ठेगाना | प्रदेश | कैफियत (पुलको लम्बाई) |
|---|---|---|---|---|
| 1 | पानीघट्ट झो.पु. | बुलिङटार ४ | गण्डकी प्रदेश | ७१ मि |
| 2 | बोझाघाट झो.पु. | मध्यविन्दु १३ | गण्डकी प्रदेश | ४८ मि |
| 3 | चनौटे खोला तीन दुमै | विनयी त्रिवेणी गा.पा. ५ | गण्डकी प्रदेश | ४९ मि |
| 4 | खुमबारी खार खोला | विनयी त्रिवेणी गा.पा. ५ | गण्डकी प्रदेश | ८३ मि |
| 5 | नारायणी घोल सालघारी | देवचुली १५ | गण्डकी प्रदेश | ३२*२ मि |

- आ.व. २०८०/०८१ मा सम्पन्न गर्ने गरी क्रमागत रुपमा रहेका १४ वटा पुलहरु ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | पुलको लम्बाई | कैफियत (विद्यमान चरण) |
|---|---|---|---|---|
| 1 | भुताहा चापी | बर्दघाट १० | २८ मि | Pile Cap ढलान सम्पन्न । |
| 2 | बुद्ध व स्ती पवित्र वस्ती | बर्दघाट १४ | ३२ मि | Pile Cap ढलान सम्पन्न । |
| 3 | चारघरेघाट झो.पु. | सुनवल न.पा. ४ | ११९.८० मि | Pileing ढलान सम्पन्न । |
| 4 | खेईखोला | हुप्सेकोट ५ | ७२ मि | पहिलो ले आउट सम्पन्न । |
| 5 | मुरलीखोला | हुप्सेकोट ६ | ५१ मि | पहिलो ले आउट सम्पन्न । |
| 6 | कहरे खोला रुखुन्दी | बुलिङटार १ | ८२ मि | सामुदायीक सम्झौता सम्पन्न । |
| 7 | चरचरे खोला | बुलिङटार २ र ३ | ३२ मि | सामुदायीक सम्झौता सम्पन्न । |
| 8 | डुम्रीकुना विसमुरे | बुलिङटार ३ | ९४ मि | सामुदायीक सम्झौता सम्पन्न । |
| 9 | बेलासपुर झो.पु. | पाल्हीनन्दन गा.पा. ३ | ५५ मि | सामुदायीक सम्झौता सम्पन्न । |
| 10 | शंकरपुर झो.पु. | पाल्हीनन्दन गा.पा. १ | १०४.२० मि | Design Estimate सम्पन्न । |
| 11 | शान्ती पार्क | बुलिङटार ३ | २० मि | सामुदायीक सम्झौता सम्पन्न । |
| 12 | घुमाउरी पार्क | देवचुली न.पा.९ | ५५ मि | सामुदायीक सम्झौता सम्पन्न । |
| 13 | धनन्जय भन्ज्याञ्ङ | देवचुली न.पा.८ | ७० मि | सामुदायीक सम्झौता सम्पन्न । |
| 14 | नयाँछाप | देवचुली न.पा.६ | ८७ मि | पहिलो ले आउट सम्पन्न । |

- आ.व. २०८०/०८१ मा नया सर्भे/डिपिआर. संशोधन गरी नयाँ निर्माणका रुपमा रहेका १० वटा पुलहरु ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | पुलको लम्बाई | कैफियत (विद्यमान चरण) |
|---|---|---|---|---|
| 1 | चवार्दी खोला झो.पु | बौंदीकाली ६ | ६० मि | पहिलो ले आउट सम्पन्न । |
| 2 | बबाक बजादा विर ओडार झो.पु. | बौंदीकाली ५ | ४९ मि | सर्भे/डिपिआर. संशोधन गर्नुपर्ने । |
| 3 | माझडाँडा ल्हापे | बौंदीकाली ६ | २८ मि | सर्भे/डिपिआर. संशोधन गर्नुपर्ने । |
| 4 | धनपुरेघाट झो.पु. | बौंदीकाली ४ | २८ मि | Design Estimate सम्पन्न । |
| 5 | थर्पुघाट झो.पु. | बौंदीकाली ४ र ५ | ८१ मि | Design Estimate सम्पन्न । |

| | | | | |
|---|---|---|---|---|
| 6 | ढुंगीघाट झो.पु. | बौंदीकाली ४ | ३२ मि | सर्भे/डिपिआर. संशोधन गर्नुपर्ने । |
| 7 | फर्साघाट झो.पु. | कावासोती १७ | ५३ मि | Design Estimate सम्पन्न । |
| 8 | नरायणचोक गंगा बस्ती स्टिल ट्रस | बर्दघाट १४ | २८*२ मि | Design Estimate सम्पन्न । |
| 9 | नौडीहवा पोटाहा स्टिल ट्रस | बर्दघाट १५ | ३२ मि | Design Estimate सम्पन्न । |
| 10 | ज्यामिरे झो.पु. | विनयी त्रिवेणी गा.पा. २ | ६४ मि | Design Estimate सम्पन्न । |

## ६. समस्याहरु

- मुख्य जिम्मेवार कर्मचारीहरुको छोटो समयमा सरुवा हुने गर्दा पुल कार्यक्रमको वारेमा बुझाईमा फरक हुने र काममा ढिलाई एवम् स्थगित समेत हुने गरेको ।
- काम सम्पन्न भए पश्चात् रकम माग पेश हुँदा समेत समितिले र गै. स. स.ले समयमा भुक्तानी नपाउने गरेको ।
- सामुदायिक स्तरका विवाद समाधानमा एकदमै धेरै समय दिनुपर्ने हुँदा थप खर्चिलो बन्ने
- कामदार वीमा गर्न ढिलाई हुँदा समयमा काम सम्पन्न नभएको र समुदायले नै खर्च गर्नु पर्दा रकम अपुग भएको ।
- स्थानीय निकायहरुबाट समयममा नै फेब्रिकेशनको सूचना नहुने र ढिला गरि हुने जसले गर्दा समयमा काम गर्न नसकिएको साथै ठेकेदार कम्पनीले बीच बाटोमा सामान छोडेर ड्निे गरेको ।

## ७. सुझावहरु

- पुल हाम्रो हो भन्ने खालको साझा धारणा सहित कार्य गर्न स्थानीय तह, TBSU र हिकोडेफ वीच संयुक्त छलफलको आयोजना गर्नुपर्ने । कतिपय अवस्थामा TBSU/PTAP बाट समयमा कागजात प्राप्त नहुँदा काममा निकै असर पर्न गएको महशुश भएको छ । (उदाहरणका लागि नारायणी घोल सालघारी, शान्ती पार्क, फर्साघाट झो.पु. आदि)

## ८. यस वर्ष सम्पन्न भएका ५ वटा पुलहरुबाट प्रत्यक्ष लाभान्वित घरधुरी र जनसंख्या

| जातिगत विवरण | घरधुरी संख्या | | | लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | गरीव | गरीव बाहेक | जम्मा | महिला | पुरुष | जम्मा |
| **दलित** | **45** | **19** | **64** | **173** | **169** | **342** |
| **जनजाती** | **454** | **103** | **557** | **1759** | **1632** | **3391** |
| **अल्पसंख्यक** | | | **0** | | | |
| **ब्राम्हण क्षेँत्री,ठकुरी** | **175** | **83** | **258** | **709** | **686** | **1395** |

| जम्मा | 674 | 205 | 879 | 2641 | 2487 | 5128 |
|---|---|---|---|---|---|---|

| झो.पु.बाट रोजगारी प्राप्त गर्ने कामदार संख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| दलित | जनजाती | अल्पसंख्यक | ब्राम्हण क्षेँत्री, ठकुरी | महिला | पुरुष | जम्मा |
| 134 | 11353 | 418 | 126 | 1173 | 10858 | 12031 |

## केही सान्दर्भिक घटना अध्ययनहरुः

### वित्तीय साक्षरता कक्षा पश्चात व्यवसाय

नामः सुस्मिता चौधरी

ठेगानाः कावासोती नगरपालिका १७, गोछाडाटार

सन्तान – १ छोरा र १ छोरी

श्रीमान - वैदेशिक रोजगारीको क्रममा साउदी अरवमा ८ वर्षदेखि कार्यरत

परिवार- वृद्ध ससुरो र १ देवर सहित ६ जना



### वित्तीय साक्षरता कक्षामा सहभागी पुर्वको अवस्था –

- परिवारको खर्च धान्न गाह्रो, श्रीमानको विदेशको कमाइमा नै भर पर्नुपर्ने खेतीपातीको काम गर्ने भए पनि ३ महिना भन्दा धेरै समयलाइ खान पुग्ने अवस्था थिएन ।श्रीमानको कमाई वचत गर्न नसक्ने । पठाएको रकम वचत नहुँदा श्रीमानसंग राम्रो सम्बन्ध नभएको ।

### वित्तीय साक्षरता कक्षामा सुस्मिताको सिकाई र हालको अवस्था –

- नियमित कक्षामा सहभागी भईन् । दैनिक हिसाव किताव राख्ने, कक्षामा विपन्नता, वचत गर्ने तरिका वित्तीय लक्ष्य तथा योजना, व्यवसायिक योजना बनाइन् ।
- योजना अनुसार रु. ३ लाख लगानी गरी व्यवसाय (किराना पसल) शुरु गरिन् । उक्त पसलबाट दैनिक रुपमा रु. ५ हजार आम्दानी हुन्छ । अहिले पसलबाट भएको नाफाबाट घर खर्च गर्ने गरेकी छिन्, श्रीमानले विदेशबाट पठाएको रकम सवै वचत गर्छिन् ।
- अहिले परिवारमा कुनै पनि कामको लागि छलफल गर्ने, काम बाँडफँड गरेर काम गर्ने गर्दछन् । काम तथा आम्दानीमा पारदर्शिताको कारण परिवारमा वेमेलको अवस्था छैन । परिवारका सवै सदस्यहरु खुशी छन् । आगामी दिनमा विदेशमा भएका श्रीमानलाइ नेपाल बोलाइ व्यवसायमा संलग्न गराउने उनको योजना छ । उनी भन्छिन् वित्तीय साक्षरता कक्षा केही अगाडी संचालन भए मेरो अवस्थामा पनि धेरै सुधार आउने थियो ।

## मनोसामाजिक परामर्शले फेरिएको जीवन

नाम – सानीमायां वि क (नाम परिवर्तित)

ठेगाना – विनयी त्रिवेणी १ जैकुटी

उमेर – १६ वर्ष

शिक्षा – कक्षा ८

पारिवारको आर्थिक स्थिति – जग्गा जमीनको नाममा १० धुर, उक्त जग्गामा सानो घर मात्र भएको । बाबु वैदेशिक रोजगारीको लागि कतार काम गर्ने । बाबुको कमाईको भरमा गुजारा चलाउने गरेको ।

### समस्या –

- जन्मिने क्रममा नै असामान्य अवस्थामा जन्म भएको । १ वर्षको उमेरमा निमोनिया रोग लागेपछि झन समस्या थपियो । नयमित औषधि सेवन गर्दै स्कूलमा भर्ना भइ पढ्न थालिन् ।
- पछिल्लो अवस्थामा नयमित औषधि सेवन गर्न छोडेपछि एकोहोरो हेरिराख्ने, नवोल्ने कुनै प्रतिक्रिया नै नगर्ने, खाना खानको लागि, लुगा लगाउने लगायत दिशा पिसाव गर्ने काममा पनि अन्य व्यक्तिको सहयोग चाहिने भयो । आमा एक्लै स्याहार गर्न नसक्दा बाबु कतारबाट घरमा आउनुभयो । उपचार गर्ने क्रममा चितवन मेडिकल कलेजबाट औषधि खाएको र औषधि नियमित खानुपर्ने तर महंगो औषधि खरिद गर्न नसक्दा औषधि सेवन गर्न बन्द भई समस्या उल्झिएको ।

### आप्रवासी स्रोत केन्द्रको प्रयास –

- वित्तीय साक्षरता कक्षाको सहभागीबाट मनोसामाजिक परामर्शकर्तालाई उक्त केश सिफारिस भएको । मनोसामाजिक परामर्शकर्ता र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रका मनोसामाजिक परामर्श सुपरभाईजरबाट समेत केश भेट तथा परामर्श ।
- शुरुमा केशको लागि अस्पतालको सेवा आवश्यक महसुस गरी गाउंँपालिका कार्यालयमा समन्वय गरी गाउँपालिकाको आर्थिक सहयोगमा भरतपुर अस्पतालमा भर्ना गरियो । डाक्टरको सल्लाह अनुसार औषधि खाईरहेको ।
- मनोसामाजिक परामर्शकर्ताले नियमित रुपमा भेट गरी निज तथा आमालाई पनि परामर्श सेवा दिइरहेको छ । जसले नियमित औषधि सेवा गर्ने कुरामा र आफुलाई ख्याल गर्ने कुरामा सहयोग पुगिरहेको छ ।

### हालको अवस्था –

- अहिले उनी बोल्ने, हास्ने र सवै कुरा आफै गर्न सक्छिन् ।
- अव विद्यालयमा पुनः भर्ना भई पढ्ने तयारीमा रहेको ।

## दैनिक हिसावकितावले सुधार ल्याएको पारिवारिक सम्बन्ध



नाम -कल्पना कार्की
ठेगाना - मध्यविन्दु ३ ब्रम्हस्थान
उमेर - ४० वर्ष
सन्तान - २ जना छोराहरु
श्रीमान् -वैदेशिक रोजगारीको क्रममा युएइ
वैदेशिक रोजगारीको अवधि - १५ वर्ष (आउने जाने गरेर)

### वित्तीय साक्षरता कक्षा संचालन हुनुपूर्वको अवस्था-

- परिवारमा सासुले हेला गर्ने, ९ वर्ष देखि श्रीमानसंग सम्बन्ध विग्रेको, परपुरुषसंग लागेको आरोप लगाउने, श्रीमान र सासुले घरमा नबस भन्ने जस्ता वचन गर्ने, श्रीमान घरमा आउंदा पनि रक्सी खाएर पिट्ने कुट्ने, दैनिक झगडा हुने, विदेशमा हुंदा श्रीमानले पैसा नपठाउने, २ जना छोराहरुलाई पालनपोषण लगायत शिक्षा दिक्षामा खर्च गर्नुपर्ने, रिन गरेर घडेरी किनेको जसले गर्दा पनि मनमा पिर चिन्ता, नैरास्यताको जीवन।

### वित्तीय साक्षरता कक्षाले सिकाएका सिकाईको व्यवहारिक अभ्यास -

- दैनिक हिसाव किताव राख्ने कार्यको शुरुवात, उक्त हिसाव किताव छोरामार्फत श्रीमानलाई विदेशमा पठाउन शुरु, ३।४ महिना निरन्तर हिसाव किताव पठाएको । हिसाव कितावको बारेमा छोराहरुसंग कुराकानी भएपछि श्रीमानको मन फिरेको । श्रीमतीलाइ फोन गर्न शुरु तथा विदेशबाट पैसा पठाउन पनि शुरु भयो।
- नगरपालिकाको मेड्पा कार्यक्रममार्फत उक्त समूहका सहभागीहरुलाई बांसबाट सामग्री बनाउने तालिम कार्यक्रमको आयोजना। उत्पादित सामग्रीहरुको वजारीकरणका लागि नगरपालिकाले जिम्मेवारी लिने प्रतिवद्धता जाहेर गरेको छ। उक्त कार्यक्रममा सहभागी भएर कल्पनाले डस्टविन, फोटो फ्रेम, पूmलदानी, चुरा स्ट्याण्ड जस्ता सामग्रीहरु बनाएर विक्री गर्न शुरु गरेकी छन्।

### हाल कल्पनाको परिवारको अवस्था -

- श्रीमानसंग दैनिक फोनमा कुराकानी हुने, अहिले सासुलाई पनि संगै राखेकी छिन्। छोराहरु लगायत, उनका सवै परिवारहरु मिलेर बसेका छन्। कुनै काम गर्नुपर्दा कल्पनाले श्रीमान, छोराहरु र सासुसंग पनि छलफल गरेर काम गर्छिन्।

## सूचनाको महत्व



नाम - कृष्ण कुवर
ठेगाना - गैडाकोट ५
बैवाहिक अवस्था - अविवाहित
गएको देश - कतार

### पूर्व अवस्था -

बैदेशक रोजगारीको लागि कतार पुगेको कृष्ण कुवर विदेश पुगेर बिरामी परे। मेडिकलबाट सामान्य औषधी खाए। उनले काम गर्ने कम्पनी बाट ६।६ महिनामा घर आउन बिदा पाउथे र उनी घर आए।

घर आएपछि उनलाई रोगले च्याप्न थालेपछि उपचार गर्ने क्रममा उनलाई ब्लड क्यान्सर देखियो । क्यान्सरको उपचारको लागि कृष्णलाई भारत लगियो । उनी हाल पनि उपचारको क्रममा दिल्लीमा नै छन् । वैदेशिक रोजगारीको क्रममा विदेशमा विरामी भई नेपाल फिर्ता भएका कामदारहरुले नेपाल सरकार तथा वीमा कम्पनीबाट आर्थिक सहायता प्राप्त हुने सूचनाको विषयमा उनी र उनका परिवारलाई पनि थाहा थिएन ।

**हाम्रो प्रयास**

रिटर्नी स्वयंसेवक घरदैलो गर्ने क्रममा उनको परिवारसंग भेट भयो । कतारबाट फर्किएको र परीक्षणको क्रममा ब्लडक्यान्सर भएको भन्ने जानकारी परिवारले दिए । तर उनी करार समय सीमाको कुरा थाहा पाउन कृष्णको पासपोर्ट नं आप्रवासी स्रोत केन्द्र परामर्शदातालाई पठाए । करार अवधीभित्र उनी विरामी भएको जानकारी पाएपछि आवश्यक कागजपत्र बनाउन कृष्णको परिवारले आप्रवासी स्रोत केन्द्रबाट नमूना कागजात सहित पठायो । कागजपत्र तयार भएपछि नगरपलिकावाट बैदेशिक रोजगार वोर्डको सचिवालयमा कागजपत्र पुगेको १५ दिनमा उनले बैदेशिक रोजगार वोर्डवाट ७ लाख रुपया आर्थिक सहायता प्राप्त गरे ।

वीमा कम्पनीवाट प्राप्त गर्ने आर्थिक साहायताको लागि बिरामी उपचरको क्रममा दिल्ली भएकाले आएपछि मात्र पहल गर्ने परिवारले जानकारी दिएको छ । उनको स्वस्थ्यमा केहि सुधार भईरहेको कृष्णको दाई सन्तोष कुवरले जानकारी दिए । निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

## हिमालयन सामुदायिक विकास मन्च (हिकोडेफ) वार्षिक बजेट २०७८-०७९

| क्र. सं. | परियोजनाको नाम | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|
| १ | सुरक्षित आप्रवासन (सामी) | रु १,५३,००,००० | १ साउन २०७९ – ३१ असार २०८० |
| २ | LFAP | रु. २३, ५३,६६५ | १५ सेप्टेम्बर २०२१ – १४ सेप्टेम्बर २०२२ |
| ३ | झोलुंगे पुल कार्यक्रम | आवश्यकता अनुसार | पुलको प्रगतीमा निर्भर हुन्छ । |
| ४ | मध्यविन्दु अस्पताल सामाजिक सेवा ईकाई | रु. ५,३९,७९८।१७ | २ कार्तिक २०७९–३१ असार २०८० |
| ५ | जम्मा | रु.१,८१,९३,४६३।१७ | झो.पु. कार्यक्रम बाहेकको मात्र |

## कर्मचारी संख्या ०७७-०७८

| क्र. सं. | परियोजनाको नाम | कर्मचारी संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | महिला | पुरुष | पूर्णकालिन | आंशिक | जम्मा |
| १ | **हिकोडेफ आन्तरिक** | **०** | **२** | **१** | **१** | **२** | **३** | **०** | **३** |
| २ | सुरक्षित आप्रवासन (सामी) | १ | ९ | १६ | १४ | १२ | १४ | **१२** | **२६** |
| ३ | LFAP | ० | | ३ | ० | ३ | १ | २ | **३** |
| ४ | झोलुंगे पुल कार्यक्रम | ० | ० | २ | ० | २ | २ | ० | **२** |
| ५ | मध्यविन्दु अस्पताल सामाजिक सहयोग ईकाई | ० | ३ | ० | ३ | ० | ३ | ० | **३** |
| | **जम्मा** | १ | १४ | २२ | १८ | १९ | **२३** | १४ | **३७** |

## धन्यवाद !